का.जि.प्र.का.द.नं. १००/०५९/६०
७ माघ २०८२
बुधबार
21 January 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक ३४२। पृष्ठ १०   Madhyanha National Daily   www.madhyanhadaily.com

# १० हेभिवेट भिडन्त

## १६५ पदमा ३,४८४ उम्मेदवार



जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ६ पुस

आगामी फागुन २१ मा हुने प्रतिनिधि सभाका लागि मंगलबार १ सय ६५ निर्वाचन क्षेत्रमा उल्लासमय वातावरणमा दलहरूले उम्मेदवारी मनोनयन गरे। झापा-५ मा सामान्य धेकलाधकेलबाहेक अन्य निर्वाचन क्षेत्रको माहोल शान्त रह्यो।

जेनजी आन्दोलनपछिको बदलिँदो राजनीतिक परिवेशमा हुन दलहरू प्रधानमन्त्रीको उम्मेदवार लिएर चुनावमा होमिएका छन्। एमालेले अध्यक्ष केपी शर्मा ओलीलाई भावी प्रधानमन्त्री घोषणा गरेर चुनावमा उत्रिएको छ। त्यस्तै, रास्वपाले बालेन शाहलाई अघि सारेको छ भने श्रम संस्कृति पार्टीले हर्क साम्पाङलाई भावी प्रधानमन्त्री भनेको छ। नेपाली कांग्रेसले सभापति गगन थापालाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर चुनावी अभियान थाल्ने जनाएको छ। निर्णय भने भइसकेको छैन।

झापा-५ को मनोनयनले देशैभर चर्चा पाएको छ। भावी प्रधानमन्त्री दाबी गरेका दुई नेता ओली र बालेन एउटै क्षेत्रबाट चुनाव लड्दै छन्। त्यसैले चुनावको इपिसेन्टर झापालाई नै मानिएको छ। नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले रुकुमपूर्वबाट उम्मेदवारी दिएका छन्। त्यस्तै, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले गोरखा २ र माधवकुमार नेपालले रौतहट १ बाट मनोनयन दर्ता गराएका छन्।

त्यस्तै, नेपाली कांग्रेसका सभापति गगन थापा भावी प्रधानमन्त्रीको योजना लिएर सर्लाही ४ बाट उम्मेदवार बनेका छन्। रास्वपाका सभापति चितवन २ बाट पृष्ठ २ मा

# वृद्धलाई विश्राम



जानकी पाठक/मध्यान्ह
काठमाडौं, ६ माघ

डडेल्धुराबाट निरन्तर सातपटक चुनाव जितेका पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले मंगलबार महाराजगन्जस्थित निवासमै दिन बिताए। २०४८ यताका कुनै पनि निर्वाचन उनले हारेका थिएनन्। पाँचपटक प्रधानमन्त्री बनेका देउवा अन्तिमपटक चुनाव लडेर संसदीय यात्रा बिट मार्ने मनस्थितिमा थिए। तर यहीबेला विशेष महाधिवेशनबाट नयाँ नेतृत्व आइदियो। नवनिर्वाचित सभापति गगनकुमार थापा उनलाई चुनावी मैदानमा देख्न चाहँदैनथे। तैपनि सोमबार अबेर रातिसम्म डडेल्धुराको टिकट होल्ड गरिएको थियो। कांग्रेस नेतृत्वको वैधानिकतामाथि प्रश्न उठाउँदै अदालत पुगेका देउवाले अन्ततः थापाले हस्ताक्षर गरेको टिकट लिएर चुनाव लड्ने जाँगर देखाएनन्।

देउवा मात्र होइन्, यसपटकको चुनावमा विविध कारणले थुप्रै नेताले विश्राम लिएका छन्। त्यस्तै, कैलाली-५ मा निवर्तमान परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई सिफारिस गरिए उनले पनि टिकट पाइनन्। कांग्रेसले पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का, पूर्वउपसभापतिहरू प्रकाशमान सिंह, गोपालमान श्रेष्ठ, पूर्वमहामन्त्री डा. शशांक कोइरालालगायत नेताहरूलाई यसपटक टिकट दिएन।

अर्का पूर्वप्रधानमन्त्री एवं नेकपाका नेता झलनाथ खनालका लागि आफूले लड्दै आएको इलाम १ टाढा भयो। जेनजी आन्दोलनका क्रममा आगजनीमा परेकी पत्नी रविलक्ष्मीलाई एक्लै छाडेर चुनाव लड्न जाने स्थिति नभएको भन्दै उनले नजिकका निर्वाचन क्षेत्र मागेका थिए। तर उपयुक्त क्षेत्र नभेटिएपछि तीन दशक लामो संसदीय प्रतिस्पर्धाबाट बाहिरिए।

नेकपाकै अर्का नेता वामदेव गौतम प्रतिनिधि सभा सदस्य चुनाव लड्नकै लागि राष्ट्रिय सभा सदस्यबाट राजनीमा दिएका थिए। तर बर्दिया १ मा उठ्ने उनको चाहना पनि पूरा भएन। पार्टी संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधव नेपाल सुरुदेखि नै उनलाई उम्मेदवार बनाउन इच्छुक थिएनन्। भन्नलाई दुवै क्षेत्रमा एउटै समुदाय हुने भएकाले छाडेको बताए पनि स्थानीय नेता कार्यकर्ताको मुड बुझेर पृष्ठ २ मा

# दर्जन बढीले दल बदलेर दिए उम्मेदवारी

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, ६ माघ

राजनीतिमा आस्था, विचार र सिद्धान्तको कुरा हुन्छ भन्ने विषयलाई टिकट वितरणको प्रवृतिले खण्डित गरिदिएको छ। कांग्रेसबाट कम्युनिस्ट र कम्युनिस्टबाट कांग्रेस हुन टिकट पाएपछि सोच्नै नपर्ने उदाहरण उम्मेदवारी दर्तामा प्रशस्तै देखिएका छन्।

नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री वीरेन्द्रकुमार कनौडिया टिकटकै लागि एमाले भए। दल बदलेर उनी कपिलवस्तु-३ बाट प्रतिनिधि सभा सदस्यको उम्मेदवार भए।

टिकटकै लागि जसपाका नेता मोहम्मद इस्तियाक राई र जसपा नेपालका नेता प्रदीप यादव एमालेमा गए। इस्तियाकको राजनीति राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट सुरु भएको हो। २०६२/६३ को जनआन्दोलनताका उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरम प्रवेश गरे। अनेक पार्टी चाहर्दै उनी एमालेमा पुगेका छन्।

जसपा नेपालका नेता तथा पूर्वमन्त्री प्रदीप यादव पनि दल बदलबदल गरिरहने नेता हुन्। प्रदीप यादव पनि राष्ट्रिय प्रजातन्त्र पार्टीबाट राजनीतिमा प्रवेश गरेका नेता हुन्। मधेश आन्दोलनको समयमा उनी पनि तत्कालीन मधेशी जनअधिकार फोरम नेपालमा प्रवेश। पर्सा क्षेत्र नम्बर १ बाट २०७४ र २०७९ मा दुईपटक पर्साबाट संघीय सांसदमा निर्वाचित भए। उपेन्द्र यादवसँग असन्तुष्ट भएर अशोक राईले २०८१ वैशाखमा पार्टी फुटाएर जसपा बनाउँदा प्रदीप यादवले राईलाई साथ दिएका थिए। प्रतिनिधि सभा विघटन भएसँगै गत पुस १४ उनी पुनः उपेन्द्र नेतृत्वको जसपा नेपालमै फर्किए। जसपा नेपालमा फर्किएको २१ दिनमै प्रदीपले पार्टी बदलेका हुन्।

पूर्वमन्त्री प्रदीप र वीरगन्ज महानगरपालिकाका नगर प्रमुख राजेशमानसँगै उनीहरू निकट अन्य नेता तथा कार्यकर्ता पनि एमाले प्रवेश गरेका छन्।

मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंह यादव पनि दल बदलेर चुनाव लड्दै छन्। २०७९ मा जनमतबाट प्रदेश सभा सदस्य जितेर मुख्यमन्त्रीसम्म भएका उनले यसपटक स्वाभिमान पार्टीबाट उम्मेदवार छन्। मधेश प्रदेश सभा सदस्य रहबर अन्सारीले पनि पार्टी बदले। नेपाली कम्युनिस्ट पृष्ठ २ मा




धादिङ-१ मा उम्मेदवारी दर्ता गराउन जानेक्रममा रास्वपा नेतृ आशिका तामाङ

# प्रत्यक्षमा पत्याइएनन् महिला

महिला नेताहरूलाई समानुपातिक सूचीमा राखेर प्रतिनिधित्व पूरा भएको देखाउने प्रवृत्ति छ। मंगलबारको प्रत्यक्षतर्फको उम्मेदवारी दर्ताको संख्याले यस्तै प्रवृत्तिको उजागर गरिदिएको छ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ६ माघ

प्रतिनिधि सभा सदस्यमा प्रत्यक्षतर्फबाट निर्वाचित हुने १ सय ६५ पदका लागि ३ हजार ४ सय २८ जनाको उम्मेदवारी परेको छ। जसमा पुरुषको संख्या ३ हजार ३७ जना र महिलाको संख्या ३ सय ९१ रहेको छ।

निर्वाचन आयोगका सचिव कृष्णबहादुर रावतका अनुसार महिला उम्मेदवारको संख्या १२ प्रतिशतभन्दा कम रहेको छ। नेपाली कांग्रेसले ११ जना महिलालाई उम्मेदवार बनाएको छ। जसमा नेताहरू महालक्ष्मी उपाध्याय 'डिना,' सरिता प्रसाई, सुशीला थिङ, किरण यादव, सपना राजभण्डारी, नानु बास्तोला छन्। यी ११ जनामध्ये प्रसाई, यादव, थिङ, उपाध्याय, राजभण्डारी र कुसुमदेवी थापा मगर पूर्वसांसद पनि हुन्।

नेपाली कम्युनिस्ट पार्टीले प्रत्यक्षबाट १० जना महिलालाई प्रत्यक्षको उम्मेदवार पृष्ठ २ मा

Urgently Needed



One of the leading Manpower Company in Kathmandu is seeking for following applicant.

- Public Relation Officer (Male/Female) - 5 (Kuwait & Malaysia को documents collection गर्न सक्ने)
- Documentation (Male/Female) - 3
- Counsellor (Male/Female) - 2

Salary Negotiable

Send CV at: blueoceanrecruitment2025@gmail.com

BLUE OCEAN RECRUITMENT PVT. LTD
Mid-Baneshwor 10, Kathmandu, Contact: 01- 4576215, 01-4491772, 9702012511 9708094657, E-mail: info@blueoceanmanpower.com
Web: www.blueoceanmanpower.com

## वैदेशिक रोजगार विशेष

# व्यक्तिगत भिसामा १०५ म्यानपावरले पठाउने १० देश

मध्यान्ह संवाददाता
काठमाडौं, ६ माघ

पुस महिनामा म्यानपावर कम्पनीले केवल १० मुलुकमा मात्रै कामदार पठाउन सकेका छन्। विदेशस्थित नेपाली दूतावासहरूले मागपत्र प्रमाणीकरण नगर्दा म्यानपावर कम्पनीहरूले नेपाली कामदारका लागि डिमान्ड पृष्ठ २ मा

## पुसमा धेरै कामदार पठाउनेमा एसओएस पहिलो, गल्फ दोस्रो र आइएमआर तेस्रो

**काठमाडौं/मस–** पुस महिनामा ४० म्यानपावर कम्पनीले एक सय र सोभन्दा बढी नेपाली कामदार वैदेशिक रोजगारीमा पठाएका छन्। त्यसमध्ये ५ सय पृष्ठ २ मा

UAE को बहुप्रतिष्ठित कम्पनीमा रोजगारको अवसर

Company Name : Group 4 Securicor Facility Services LLC
पूर्व स्वीकृती मिति: २०८२/१०/६   चलानी नं. ६०२५०८१५   LT.No. 337370

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Porter/Helper | 80 | 0 | काममा दक्ष | 1200 | ४७,१२०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Signal Operator | 9 | 0 | काममा दक्ष | 1200 | ४७,१२०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्तामा सामेल हुदा Formal Dress सामेल र CV & Original Passport अनिवार्य साथमा हुनुपर्नेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. २,१००।- कामदार आफैले | नि:शुल्क |

प्रि-अन्तरवार्ता यस प्रा. लि. को कार्यालयमा धमाधम भईरहेको छ।

फाइनल अन्तरवार्ता २०८२ माघ १७ र १८ गते (31 Jan., & 1 Feb., 2026) यस प्रा. लि. को कार्यालय तिनकुने, काठमाडौंमा र २०८२ माघ १९ गते (2 Feb., 2026) सिपि होटल बिर्तामोड झापामा हुनेछ।

THINK BIZ INTERNATIONAL PVT. LTD.
ThinkBiz Gov.Lic.NO. 1608/079/080
Subhidhangar Marg, Tinkune, Kathmandu Tel : 01-5914635
Mob: 9761819719, 9761819720, 9761819721
Email: cv@thinkbiz.com.np | Web: www.thinkbiz.com.np

साउदीमा वैदेशिक रोजगारीको अवसर

कम्पनी: AL BADER INTERNATIONAL OPERATION AND MAINTENANCE CO शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/०५/२५   चलानी नं.: ६०२२५०९५   L.T. No.:310536   पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 63 | 0 | स. काममा दक्ष | 1200 | ४६,४५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ माघ १४ गते (28 January 2026) मा हुनेछ।
अन्तर्वार्ता गजराज ट्रेनिङ सेन्टर, नेपालगञ्जमा २०८२ माघ १५ गते (29 January 2026) मा हुनेछ।
अन्तर्वार्ता अञ्जली ट्रेनिङ सेन्टर इटहरीमा २०८२ माघ १६ गते (30 January 2026) मा हुनेछ।
अन्तर्वार्ता निउ राम जानकी ट्रेनिङ सेन्टर जनकपुरमा २०८२ माघ १८ गते (1 February 2026) मा हुनेछ।
अन्तर्वार्तामा पोखरामा २०८२ माघ १९ गते (2 February 2026) मा हुनेछ।
अन्तर्वार्ता बीएमटीसी बुटवलमा २०८२ माघ २० गते (3 February 2026) मा हुनेछ।

साथै यसै कम्पनीको लागि Waiter, Housekeeper, Cook, Dishwasher, Kitchen Helper, Barista को आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरूले नि:शुल्क परामर्शको लागि कार्यालयमा सर्म्पक गर्नु होला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Bridge Sky International Pvt. Ltd.   Gov Lic No: 573/062/063
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
मोबाईल : ९८०१०३०५५५ फोन नं. ४५५३३२१, ४५५४९७१, ४५५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# १० हेभिवेट...

## ओली–बालेन




भावी प्रधानमन्त्रीको आशा बोकेर चुनावी मैदानमा उत्रिएका पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली झापा-५ बाट प्रतिनिधि सभाका लागि उम्मेदवार बनेका छन् । यसअघि सोही क्षेत्रबाट संसदमा प्रतिनिधित्व गर्दै प्रधानमन्त्रीको आशनमा पुगेका ओली नेतृत्वको सरकारलाई जेनजी आन्दोलन फालेपछि उनी सत्ता बाहिर छन् । चुनाव जितेर पुनः प्रधानमन्त्री बन्ने सपना देखेका ओलीलाई काउन्टर दिन रास्वपाबाट बालेन्द्र शाहले टक्कर दिने भएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले भावी प्रधानमन्त्रीको घोषणाा गरेर फिल्डमा पठाएका बालेनको क्रेज ओलीको भन्दा कम उत्साहजनक छैन । काठमाडौं महानगरपालिकाका मेयर शाह ओलीलाई पल्टाए निर्वाचनपछि आफैं प्रधानमन्त्री बन्ने योजनामा छन् । मंगलबार भएको उम्मेदवारी दर्ताको माहोल हेर्दा ओली-बालेनबीचको भिडन्त निकै रोचक हुने देखिएको छ । ओली प्रधानमन्त्री र बालेन मेयर हुँदा यी दुई नेताबीच पटकपटक वाकयुद्ध चल्दै आएको थियो । झापा ५ ओलीको नियमित चुनाव जित्ने क्षेत्र हो भने, बालेन पहिलोपटक चुनावमा भिड्दै छन् । तीनपटक देशको प्रधानमन्त्री भइसकेका ठुलो दल एमालेका अध्यक्ष ओली र पछिल्लो समय जनतामा व्यापक क्रेज भएका बालेनबीचको प्रतिस्पर्धाले झापा ५ लाई राजनीतिको इपिसेन्टरका रूपमा लिइएको छ ।

## गगन–अमरेश





नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सर्लाही-४ बाट वारेसमार्फत उम्मेदवारी दर्ता गरेका हुन् । उनको उम्मेदवारीको प्रस्तावकमा उपेन्द्रप्रसाद कुशवाहा र समर्थक रामआश्रय साह बसेका छन् । विगतका तीनवटा निर्वाचनमा काठमाडौं- ४ बाट चुनाव जित्दै आएका थापाले यसपटक सर्लाही निर्वाचन-४ रोजेका हुन् । थापासँगै यस क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट डा. अमरेशकुमार सिंह, नेपाली कम्युनिस्ट पार्टीबाट डा. रजनिश यादव, जनता समाजवादी पार्टी (जसपा) नेपालबाट रामेश्वर राय यादव र नेकपा (एमाले)बाट रविशंकर कुशवाहाले उम्मेदवारी दर्ता गराएका छन् ।

कांग्रेस सभापति थापा र रास्वपाबाट गत निर्वाचनमा स्वतन्त्र जितेका सांसद सिंहबीचको प्रतिस्पर्धालाई महत्वका साथ हेरिएको छ । थापाका लागि सिंह चुनौती बन्न सक्ने कतिपयले विश्लेषण गरिहँदा भावी प्रधानमन्त्रीकै रूपमा जनतामाझ जान लागेका नेता थापालाई सर्लाहीका मतदाताले सहजै जिताएर पठाउने नेताहरूले विश्वास व्यक्त गरेका छन् । सिंह यसअघि प्रतिनिधि सभा हलमै बस्त्र खोलेर नांगो शरीर प्रदर्शन गर्नेदेखि पटकपटक विवादास्पद अभिव्यक्ति दिँदै आएका विवादित पात्र हुन् । थापालाई नेपाली कांग्रेस सर्लाहीले नै सिफरिस गरेर बोलाएका थिए । कांग्रेसले राम्रो सिटसहित प्रतिनिधि सभामा आए थापा प्रधानमन्त्री हुने सम्भावित उम्मेदवार हुन् ।

## ईश्वर–प्रदीप




काठमाडौं क्षेत्र नम्बर ५ मा नेपाली कांग्रेसले महामन्त्री प्रदीप पौडेल र नेकपा एमालेका पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीच प्रतिस्पर्धा हुने भएको छ । एमालेले अन्तिम समयमा पोखरेललाई उम्मेदवार बनाएको छ । गत निर्वाचनमा पाखेरेललाई प्रदीपले पराजित गरेका थिए । कांग्रेस नेता पौडेल हालै भएको विशेष महाधिवेशनबाट महामन्त्री बनेका हुन् । पोखरेल एमालेको ११औं महाधिवेशनमा केपी ओलीसँग अध्यक्षमा प्रतिस्पर्धा गरेर पराजित नेता हुन् । रास्पवाले भने आशिफ शाहलाई उम्मेदवार बनाएको छ । एमाले नेता पोखरेल २०७४ मा सोही क्षेत्रबाट कांग्रेसका नेता प्रकाशशरण महतलाई पराजित गर्दै निर्वाचित भएका थिए । त्यसअघि २०७० को निर्वाचनमा नेपाली कांग्रेसका नेता नरहरि आचार्यले यो क्षेत्रबाट निर्वाचित भएका थिए । यो निर्वाचनमा पौडेल र पोखरेलको प्रतिस्पर्धा रोचन हुने अनुमान गरिएको छ ।


उम्मेदवार बनेका छन् । त्यस्तै, चितवन ३ बाट भरतपुर महानगरपालिकाकी मेयर रेणु दाहाल राजीनामा दिएर उम्मेदवार बनेकी छन् । त्यहाँ रास्वपाले सोविता गौतमलाई उठाएको छ । शीर्ष नेताहरूको यो प्रतिस्पर्धाले बाहिरबाट हेर्ने जति रोचक छ स्वयं उम्मेदवारहरूका लागि एकअर्काप्रतिको त्रास त्यत्तिकै छ ।

## प्रचण्ड–कुसुम





रुकुम पूर्वमा नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र नेपाली कांग्रेसको तर्फबाट कुशुम थापा मगरबीच प्रतिस्पर्धा हुने भएको छ । पूर्वप्रधानमन्त्रीसमेत रहेका नेता प्रचण्ड प्रत्येक निर्वाचनमा सुरक्षित क्षेत्र छान्दै हिँड्ने नेतामा पर्छन् । आगामी फागुन २१ गतेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि रुकुम पूर्वमा मनोनयन दर्ता गराएका प्रचण्डले आफू जहाँ गयो त्यही हेडक्वाटर हुने बताएका छन् । उनलाई काउन्टर दिन कांग्रेस नेतृ कुशुमले हिम्मत गरेकी छन् । कुशुम गत निर्वाचनमा समानुपातिक सांसद हुँदै कृषि समितिको सभापतिसमेत हुन् । यस्तै एमालेले केन्द्रीय सदस्य लिलामणि गौतमलाई उम्मेदवारका रूपमा मैदानमा उतारेको छ ।

## बाबुराम–लेखनाथ




पूर्वप्रधानमन्त्री एवं प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का संरक्षक डा. बाबुराम भट्टराईले गोरखा २ बाट उम्मेदवारी दर्ता गराएका छन् । आगामी निर्वाचनमा उम्मेदवारी नदिने प्रतिबद्धताविपरीत उनले उम्मेदवारी दिए । भट्टराईको प्रतिपर्स्धामा कांग्रेसका उम्मेदवार प्रकाशचन्द्र दवाडी, एमालेका मिलन गुरुङ, नेकपाका लेखनाथ न्यौपाने र रास्वपाका महामन्त्री कवीन्द्र बुर्लाकोटी रहेका छन् । माओवादी जनयुद्धका मुख्य नेतामध्ये एक रहेका उनी २०६४, २०७० र २०७४ सालमा सोही क्षेत्रबाट निर्वाचित भएका थिए । भदौमा भएको जेनजी विद्रोहलाई समर्थन गरेका भट्टराईले रास्वपा र जेनजी युवाहरूको समर्थन पाउने विश्वास लिएका छन् । उनलाई विगतको आफ्नै विरासत जोगाउन चुनौती देखिएको छ । २०७९ सालको निर्वाचनमा उनले नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई ठाउँ छाडेका थिए । तीन वर्षपछि उनी फेरि चुनावी प्रतिस्पर्धा उत्रिएका हुन् । यो क्षेत्रको प्रतिस्पर्धालाई आम रूपमा रोचकताका साथ हेरिएको छ ।

## रवि–मीनकुमारी




चितवन २ मा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने उम्मेदवारी दिएका छन् । उनीसँग प्रतिस्पर्धा गर्न नेपाली कांग्रेसले मीनकुमारी खरेललाई उम्मेदवार बनाएको छ । २०७९ को आमनिर्वाचनमा सबैभन्दा बढी भोट ल्याएर जितेका नेता लामिछानेलाई नागरिकता र पासपोर्ट किर्ते मुद्दामा अदालतले सांसद पद खारेजी गरिदिएको थियो । पुनः अर्को नागरिकता बनाएर उपनिर्वाचन लडेका लामिछाने थप मतसहित निर्वाचित भएका थिए । अहिले उनको जित करिब पक्काजस्तै देखिए पनि कांग्रेसकी नेतृ सामाजिक अभियान्ता खरेलले टक्कर दिने विशेष रणनीति बनाएको बताएकी छन् ।

## रेनु–सोबिता





चितवन ३ बाट नेकपाबाट रेणु दाहालले प्रतिनिधि सभाको निर्वाचनमा उम्मेदवारी दिँदा उनको प्रतिस्पर्धामा रास्वपाकी पूर्वसांसद सोबिता गौतम उत्रिएकी छन् । रेणु दुईपटक भरतपुर महानगरपालिका प्रमुख भएर काम गरेकी छन् । उनी महानगर प्रमुखबाट राजीनामा दिएर संघीय सांसदका लागि उम्मेदवारी दिँदै गर्दा रास्वपाले दाहाललाई हराउन सोबितालाई पठाएको हो । सोबिता गत निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद हुन् । युवामाझ लोकप्रिय दुवै महिला नेताहरूको प्रतिस्पर्धालाई अत्यन्त रोचकताका साथ हेरिएको छ ।

## शंकर–विपिन




दाङको क्षेत्र नम्बर २ बाट नेकपा एमालेका महासचिव शंकर पोखरेलले उम्मेदवारी दिएका छन् । यसअघि २०७९ मा एमालेले महासचिव पोखरेललाई सोही क्षेत्रको उम्मेदार बनाएको थियो । सोही क्षेत्रबाट थोरै मतान्तरले माओवादी नेतृ रेखा शर्मासँग पराजित भएकी थिइन् । उनको प्रतिस्पर्धामा यसपटक नेपाली कांग्रेसका किरण किशोर घिमिरेले मनोनयन दर्ता गराएका छन् । यस क्षेत्रमा रास्वपाका सहमहामन्त्री विपिन आचार्यसमेत भिड्ने भएका छन् । नेकपाले निर्मल ज्ञवालीलाई उम्मेदवार बनाएर महासचिव पोखरेललाई टक्कर दिने तयारीमा छ ।

## विष्णु–विश्वदीप




प्रतिनिधि सभा निर्वाचनका लागि रूपन्देही क्षेत्र नम्बर २ मा नेकपा एमाले उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले उम्मेदवारी दर्ता गरेका छन् । पौडेलले यो क्षेत्रबाट २०६४ सालदेखि लगातार निर्वाचन जित्दै आएका छन् । नेपाली कांग्रेसका चुन्नप्रसाद पौडलले पनि यसै क्षेत्रबाट उम्मेदवारी दर्ता गराइसकेका छन् । रास्वपाबाट सुलभ खरेलले उम्मेदवारी दर्ता गराएका छन् । नेकपाबाट विश्वदीप पाण्डेले पौडेललाई टक्कर दिने भएका छन् ।

## माधव–अनिल




नेपाली कम्युनिस्ट पार्टीका उपसंयोजक माधवकुमार नेपालले रौतहट १ बाट मनोनयन दर्ता गराएका छन् । यो क्षेत्रमा कांग्रेसका अनिल झाले नेपाललाई टक्कर दिने भएका छन् । एमालेबाट अजय गुप्ताले मनोनयन दर्ता गराएका छन् भने रास्वपाका राजेश साहले उम्मेदवारी दिएका छन् । नेपाललाई कांग्रेसका अनिल झा र एमालेबाट अजय गुप्ताले टक्कर दिने स्थानीय नेताहरूले बताएका छन् । यसअघिका निर्वाचनहरूमा नेपाल सोही क्षेत्रबाट निरन्तर निर्वाचित हुँदै आएका गिए । नेकपा एमाले विभाजन गरेर नेकपा एस गठन गरेका नेपालले केही समयअघि प्रचण्ड नेतृत्वको नेपाली कम्युनिस्ट पार्टीमा आफ्नो दल नेकपा एस विलय गराएका थिए । पछिल्लोपटक जेनजी विद्रोहपछिको बदलिँदो राजनीतिक अवस्था नेकपाका नेता नेपालको उम्मेदवारीलाई चासोका साथ हेरिएको छ ।

## दर्जन...

पार्टी छाडेर रास्वपाबाट उम्मेदवार बने ।

मधेश प्रदेशका अर्का नेता डा. अमरेशकुमार सिंह पनि टिकटकै लागि रास्वपा प्रवेश गरे ।

नेकपा एमाले नेता एवं पूर्वसांसद बृजेशकुमार गुप्ताले पार्टी छोडेर नेकपाबाट चुनाव चिह्न तारामा कपिलवस्तु क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा उम्मेदवारी दर्ता गरेका छन् ।

अनिल झा मंगलबार बिहानसम्म सद्भावना पार्टीका अध्यक्ष थिए । दिउँसो उम्मेदवारी दर्ता गर्नेबेलामा कांग्रेससँग सहमति गरे र कांग्रेसबाटै रौतहत निर्वाचन क्षेत्र नम्बर १ मा उम्मेदवारी दिए ।

नेकपा एमालेका नेता अम्बिरबाबु गुरुङ पार्टीबाटै प्रतिनिधि सभा सदस्यको उम्मेदवारका आकांक्षी थिए । पार्टीले टिकट नदिएपछि नेपाली कम्युनिस्ट पार्टीबाट टिकट लिएर ओखलढुंगाबाट उम्मेदवारी दिए ।

यस्ता दर्जन बढी नेता छन् जसले उम्मेदवारी दर्ताको दिन पार्टी बदलेर उम्मेदवारी दर्ता गरेका हुन् ।

## प्रत्यक्षमा...

बनाएको छ । जसमा धर्मशिला चापागाईं, सरिता खड्का थापा, रामकुमारी चौधरी, मेनका भण्डारी, कल्पना शर्मा, रेणु दाहाल, यशोदा सुवेदी, डा. सिन्धु जलेशा, बिनामगर रहेका छन् ।

एमालेले पनि कम संख्यामा महिलालाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएको छ । एमालेले बनाएका प्रत्यक्षमा महिला उम्मेदवारहरू हुन् - भगवती चौधरी (सुनसरी-४), कल्पना राई (सोलुखुम्बु), अस्मिता थापा (ओखलढुंगा)लाई उम्मेदवार बनाएको छ । त्यस्तै, मधेशबाट दुई महिला जुली महतो (धनुषा-३) र ज्वाला शाह (बारा-३) छन् । गण्डकीबाट भगवती न्यौपाने (तनहुँ-१), मञ्जु शर्मा चालिसे (बागलुङ-२) गरी २ महिला उम्मेदवार तय भएको छ । लुम्बिनीबाट एक मात्र महिला उम्मेदवार विमला विक (बर्दिया-२) छिन् ।

संघीय संसदमा महिलोको प्रतिनिधित्व ३३ प्रतिशत अनिवार्य छ । तर प्रत्यक्षमा उम्मेदवारी कम परेको छ । ३३ प्रतिशत पुऱ्याउन अब दलहरूले समानुपातिक तर्फबाट महिला सांसद बनाउनेछन् ।

२ सय ७५ सदस्यीय प्रतिनिधि सभामा १ सय १० जना समानुपातिक तर्फबाट र १ सय ६५ जना प्रत्यक्ष निर्वाचन प्रणाली तर्फबाट निर्वाचित हुन्छन् । समानुपातिकतर्फको मनोनयन गत पुस १३ र १४ गते भइसकेको छ । प्रत्यक्षतर्फ मंगलबार मनोनयन आज भएको हो ।

राजनीतिक दलहरूले प्रत्यक्षतर्फ प्रायः जित सुनिश्चित ठानिएका क्षेत्रमा पुरुष उम्मेदवारलाई प्राथमिकता दिने गरेका छन् । महिला नेताहरूलाई भने जोखिमपूर्ण वा कमजोर मानिएका क्षेत्रमा पठाउने, अथवा समानुपातिक सूचीमा राखेर प्रतिनिधित्व पूरा भएको देखाउने प्रवृत्ति छ । यसले गर्दा महिला राजनीतिमा सक्रिय भए पनि निर्णायक प्रतिस्पर्धामा पुग्नै नपाउने अवस्था सिर्जना भएको छ ।

मंगलबारको प्रत्यक्षतर्फको उम्मेदवारीले पनि यस्तै प्रवृत्तिले निरन्तरता पाएको देखाउँछ ।

### टिकट वितरणमा पुरुषकै वर्चस्व

महिला उम्मेदवार कम हुनुको कारण टिकट वितरण गर्ने संरचनामा महिलाको उपस्थिति न्यून हुनु हो । नेपाली कांग्रेसको टिकट वितरण विशेष महाधिवेशनबाट सभापति भएका गगन थापाले गरेका हुन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले टिकट वितरण गरेका हुन् ।

दलभित्रको आन्तरिक लोकतन्त्र कमजोर हुनु, उम्मेदवारी चयन व्यक्तिगत प्रभाव र आर्थिक सामर्थ्यमा निर्भर हुनुले पनि महिलालाई पछाडि धकेलिरहेको छ । चुनाव खर्चिलो बन्दै जाँदा स्रोतसाधन कम भएका महिलालाई प्रत्यक्ष प्रतिस्पर्धामा उत्रन झन् कठिन भएको छ ।

यसका साथै सामाजिक-सांस्कृतिक अवरोध पनि उत्तिकै बलियो छन् । प्रत्यक्षतर्फ महिला प्रतिनिधित्व बढाउन दलभित्र अनिवार्य कोटा, सुरक्षित निर्वाचन क्षेत्रलगायतको विषय निरन्तर बहसमा आउने गरेको छ । २०८० सालमा गृह मन्त्रालय पुगको एकीकृत निर्वाचन विधेयकमा महिलाका लागि सुरक्षित निर्वाचन क्षेत्रको प्रावधान छ । तर उक्त विधेयक अगाडि बढ्न सकेको छैन ।

## वृद्धलाई...

उनी आफैं 'ब्याक' भएका हुन् । त्यस्तै, नेकपा एमालेले पूर्वउपाध्यक्षहरू अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे पनि यसपटक चुनावी मैदानमा छैनन् । शाक्य र ज्ञवाली अघिल्लो चुनावबाटै बिदा भइसकेका थिए । ११औं महाधिवेशनबाट पार्टी नेतृत्वबाट पनि अवकाश लिइसकेका छन् ।

कांग्रेसका केही पुराना नेताहरूले चुनावी मैदानमा छन् । पूर्वउपसभापति विमलेन्द्र निधीले धनुषा ३ बाट उम्मेदवारी दिएका छन् । त्यस्तै, डा. शेखर कोइरालाले मोरङ-६ बाट उम्मेदवारी दिएका छन् । सभापति थापाका ससुरासमेत रहेका पुराना नेता अर्जन नरसिंह केसी समानुपातिक बन्द सूचीमा खसआर्य क्लस्टरको एक नम्बरमा उम्मेदवार छन् । नेपालको परिवर्तनको आन्दोलन, लोकतान्त्रिक व्यवस्था स्थापना र रक्षार्थ लामो राजनीतिक लगानी गर्नुभएको नेताहरूलाई सम्मानका साथ विश्राम लिनुस् भनेर नयाँ नेताहरूलाई टिकट दिइएको कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले बताए ।

## व्यक्तिगत...

भएका मुलुकमा पनि कामदार पठाउन नसकेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

पुस महिनामा १ सय ५ देशमा नेपाली कामदार वैदेशिक रोजगारीमा गएकोमा म्यानपावर कम्पनीले १० देशमा मात्रै कामदार पठाउन सकेका छन् । पुस महिनामा म्यानपावर कम्पनीमार्फत २१ हजार ७ सय २३ जना गएका छन् । गत वर्ष पुस महिनामा म्यानपावर कम्पनीमार्फत २९ हजार ३ सय १६ जना गएका थिए ।

यस वर्ष पुस महिनामा नयाँ व्यक्तिगत श्रम स्वीकृतिमा ९ हजार २ सय ५३ जना, श्रम स्वीकृति नवीकरणमार्फत ३० हजार ८ सय ९ जना तथा सरकारले पठाउने दक्षिण कोरिया, बेलायत तथा इजरायलमा ७ सय २१ जनाको श्रम स्वीकृति भएको छ । वैधानिकीकरणको माध्यमबाट ५३ जना गएका छन् ।

पुस महिनामा म्यानपावर कम्पनीमार्फत सबैभन्दा धेरै साउदी अरेबिया ७ हजार १ सय ७८ जना, दोस्रोमा रहेको कतारमा ३ हजार ८ सय ४, मलेसियामा ३ हजार ५ सय ७७, कुवेतमा २ हजार ३ सय ६८, युएईमा १ हजार ७ सय ६५, ओमानमा १ हजार १ सय २२, बहराइनमा ६ सय ६२, साइप्रसमा ३ सय ९८, मरिससमा ३ सय ६०, जोर्डन २ सय ८०, जापानमा २ सय ६ र माल्दिभ्समा ३ जना गएका छन् ।

गत वर्ष पुसमा २१ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीका लागि गएको युएईमा यस वर्ष ९ हजार ५ सय १७ जना मात्र गएका छन् । त्यसमा म्यानपावर कम्पनीमार्फत १ हजार ७ सय ६५ जना गएका छन् ।

गत वर्ष पुसमा म्यानपावर कम्पनीमार्फत १४ हजार १ सय ७८ जना गएका थिए । यस वर्ष पुसमा युएई कम जानुमा युएई दूतावासबाट प्रहरी रिपोर्ट प्रमाणीकरण अनिवार्य गरिएको परिणाम भएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

## पुसमा...

३५ जना कामदार पठाएर एसओएस म्यानपावर सर्भिस प्रालि- सूचीको शीर्ष स्थानमा रहेको छ । ३ सय ६४ जना कामदार पठाएको गल्फ म्यानपावर सर्भिसेस प्रालि- दोस्रो र ३ सय ५१ जना पठाएको इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रालि- सूचीको तेस्रो नम्बरमा रहेको छ ।

**धेरै कामदार पठाउने म्यानपावर कम्पनीहरू :**

पुसमा एसओएस म्यानपावर सर्भिस प्रालि- ५३५
गल्फ म्यानपावर सर्भिसेस प्रालि- ३६४
इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रालि- ३५१
नीलकमल ह्युमन रिसोर्स प्रालि- ३२६
लुलु इन्टरनेसनल प्रालि- ३०१
ग्रेस ओभरसिज प्रालि- २७८
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट्स प्रालि- २७७
एससिसी म्यानपावर कम्पनी प्रालि- २४५
अल-हयात म्यानेजमेन्ट सिस्टम प्रालि- १९५
वाहा म्यानपावर सप्लायर्स प्रालि- १९२
मोन्टेज ओभरसिज प्रालि- १८८
रोकडिया ओभरसिज प्रालि- १८६
इन्डेक्स रिक्रुटमेन्ट प्रालि- १८४
स्यारोन म्यानपावर सर्भिस प्रालि- १८०
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्ट्स सर्भिस प्रालि- १७६
टेस्ला ओभरसिज प्रालि- १६३
ब्रदर्स इन्टरनेसनल इम्प्लोइमेन्ट प्रालि- १५९
लक्की एचआर सोलुसन प्रालि- १५८
टार्गेट कन्सल्टेन्ट ह्युमन रिसोर्सेस प्रालि- १५६
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रालि- १५२
भिजन एन्ड भ्यालु ओभरसिज प्रालि- १४७
नाइस रिक्रुटिङ एजेन्सी प्रालि- १४२
आयुष ओभरसिज प्रालि- १४१
बज्र ह्युमन रिसोर्सेस प्रालि- १३८
अल-जाफर इन्टरनेसनल प्रालि- १३४
पिजन इन्टरनेसनल ओभरसिज प्रालि- १२७
एसिया लिंक सर्भिसेस प्रालि- १२७
नेपाल एचआर सोलुसन प्रालि- १२३
सान नेपाल प्रालि- १२३
साउन्डलाइन्स रिक्रुटमेन्ट प्रालि- ११८
जलजला रिक्रुटमेन्ट प्रालि- ११७
ब्लु स्काई इन्टरनेसनल प्रालि- ११६
लिडर ओभरसिज प्रालि- ११६
मनास्लु इन्टरनेसनल सर्भिसेस प्रालि- ११५
प्याराडाइज इन्टरनेसनल प्रालि- ११४
वर्ल्ड नेट रिक्रुटमेन्ट कन्सल्ट्यान्ट्स प्रालि- ११३
स्काई ओभरसिज सर्भिसेस प्रालि- ११३
स्ट्राइक फोर्स एसिया रिक्रुटमेन्ट प्रालि- १०७
अल एसिया ओभरसिज प्रालि- १००
सनलाइट रिक्रुटमेन्ट सर्भिस प्रालि- १००

# मनोनयन दर्तापछि प्रधानमन्त्री उत्साहित



**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले निर्धारित समयतालिकाभित्र उत्साहजनक रूपमा मनोनयन दाखिला गराउनुहुने सबै राजनीतिक दल तथा उम्मेदवारहरूमा हार्दिक आभार व्यक्त गरेकी छन् ।

मंगलबार सन्देश जारी गर्दै आगामी फागुन २१ गते सम्पन्न हुने निर्वाचनका लागि आज अर्को महत्वपूर्ण कोशेढुंगा मनोनयन दाखिला पार गर्न सफल भएको उल्लेख गरिन् । उनले भनिन्,'निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय वातावरणमा सम्पन्न गर्न नेपाल सरकार पूर्ण इमान र सामर्थ्यका साथ लागिपरेको यहाँहरूलाई पुनः स्मरण गराउँछु, सुरक्षा व्यवस्थामा कत्ति पनि सम्झौता गरिने छैन, हाम्रा सबै सुरक्षा संयन्त्रहरू उच्च सतर्कता र व्यावसायिक मनोबलका साथ परिचालित छन् ।'

प्रतिनिधिसभाको १ सय ६५ पदका लागि ३ हजार ४ सय भन्दा बढी उम्मेदवारहरूले मनोनयन दर्ता हुनु लोकतान्त्रिक विश्वासप्रति प्रगाढ विश्वासको प्रमाण भएको उल्लेख गर्दै उनले नेपाली जनता लोकतान्त्रिक प्रणालीलाई सुदृढ बनाउन सचेत र सक्षम छन् भन्ने आजको राष्ट्रिय उत्साहले पुनः पुष्टि गरेको बताइन् ।

निर्वाचन प्रक्रियामा देखिएको यस उत्साह र प्रतिबद्धताले राजनीतिक वृत्तमा मात्र नभइ निजी क्षेत्र र समग्र अर्थतन्त्रमासमेत सकारात्मक ऊर्जा सञ्चार गरेको बताउँदै उनले अब मुलुकबाट अन्योल र अनिश्चितताको अवस्था पूर्णतः अन्त्य भएको छ । सिंगो राष्ट्र निर्वाचनको महाकुम्भमा होमिएको उल्लेख गरेकी छिन् ।

उनले भनिन्,'निर्वाचन कार्यतालिका बमोजिम अहोरात्र खटिएर आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेकामा निर्वाचन आयोगलाई नेपाल सरकारको तर्फबाट धन्यवाद दिन चाहन्छु, साथै, यो लोकतान्त्रिक अभ्यासलाई सफल पार्न राजनीतिक दल, नागरिक समाज र सञ्चार माध्यमको रचनात्मक भूमिकाको अपेक्षा गर्दछु ।' प्रधानमन्त्री कार्कीले दिगो लोकतान्त्रिक स्थायित्वका लागि सबै नेपाली दिदीबहिनी तथा दाजुभाइलाई निर्वाचनमा सक्रिय र संयमसाथ सहभागी हुन हार्दिक अपिल पनि गरेकी छिन् ।

# रविको मुद्दा संशोधन गर्ने निर्णयविरुद्धको रिटमा सर्वोच्चको कारण देखाऊ आदेश



**काठमाडौं/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथि सम्पत्ति शुद्धीकरण र संगठित अपराधको अभियोग संशोधन गर्ने महान्यायाधिवक्ता कार्यालयको निर्णयविरुद्ध दायर रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ । मंगलबार न्यायाधीश अब्दुल अजिज मुसलमानको इजलासले उक्त रिटमा कारण देखाऊ आदेश जारी गर्दै अन्तरिम आदेशका विषयमा छलफल गर्न दुवै पक्षलाई उपस्थित हुन आदेश दिएको हो ।

अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता आभास रेग्मी र युवराज सफल लगायतले महान्यायाधिवक्ता कार्यालयको निर्णय बदरको माग गर्दै छुट्टाछुट्टै रिट दायर गरेका थिए । ती रिटमा महान्यायाधिवक्ता कार्यालय, विभिन्न सरकारी वकिल कार्यालय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाइएको छ ।

निवेदकहरूले लामिछानेविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी अभियोगलाई कमजोर नबनाउन तथा कानुनी प्रक्रियामा कुनै अवरोध नगर्न परमादेश जारी गर्न माग गरेका छन् । साथै मुद्दाको अन्तिम निर्णय नभएसम्म महान्यायाधिवक्ता कार्यालयको निर्णय कार्यान्वयन नगर्न र नगराउन अन्तरिम आदेश जारी गर्नसमेत माग गरिएको छ ।

पुस ३० गते महान्यायाधिवक्ता सबिता भण्डारीले रवि लामिछानेमाथि लागेको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको अभियोग संशोधन गर्ने निर्णय गरेकी थिइन् । उक्त निर्णयबाट आसन्न निर्वाचनलाई लक्षित गरी लामिछानेलाई उम्मेदवारी दिन र निर्वाचित भएमा राजनीतिक अधिकार उपभोग गर्ने बाटो खुल्ने दाबी निवेदकहरूको छ ।

**पर्सा अदालतले माग्यो एक करोड**

पर्सा जिल्ला अदालतले रवि लामिछानेसँग एक करोड रुपैयाँ धरौटी माग्ने आदेश गरेको छ । मंगलबार न्यायाधीश रूद्रप्रसाद सुवेदीको एकल इजलासले लामिछानेसँग धरौटी माग्ने आदेश गरेको तहसिलदार देवराज भट्टराईले जानकारी दिए ।

उनका अनुसार मंगलबार थुनछेक बहस भएपछि आदेश भएको हो । सानो पाइला बचत तथा ऋण सहकारी संस्था, वीरगन्जको रकम अपचलनसम्बन्धी मुद्दामा लामिछानेसहित २९ जनाविरुद्ध सहकारी ठगी र संगठित अपराधमा मुद्दा चलिरहेको छ ।

# अर्घाखाँचीमा मतदातामा छैन उत्साह



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ६ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभर उम्मेदवारी दर्ता सम्पन्न भएसँगै अर्घाखाँची जिल्लामा पनि मनोनयन प्रक्रिया टुंगिएको छ । तर, विगतका चुनावी प्रतिबद्धता पूरा नहुँदा यसपटक जिल्लाका मतदातामा खासै उत्साह देखिएको छैन ।

अर्घाखाँचीमा राजनीतिक दलहरूले वर्षौंदेखि विकासका ठूला सपना देखाउँदै आए पनि ती सपना व्यवहारमा नउतारिँदा मतदातामा निराशा बढेको स्थानीयको भनाइ छ । हरेक निर्वाचनमा उम्मेदवारले घर-आँगनमै पुगेर सालझण्डी-ढोरपाटन सडक, नौमुरे जलविद्युत आयोजना, जिल्ला अस्पताल भवन, विशेषज्ञ अस्पताल, बाटाघाटा, कुलो-सिँचाइ, खानेपानी, विद्युत् तथा रोजगारी सिर्जनाजस्ता आश्वासन दिँदै आए पनि तीमध्ये धेरै योजना अलपत्र परेका छन् । पछिल्ला निर्वाचनमा पनि दलका नेताहरू टिकट लिएर जिल्ला फर्किए तापनि मतदाताले उनीहरूको प्रतिबद्धतामा विश्वास गर्न छाडेको देखिन्छ । अर्घाखाँचीका दुर्गम बस्तीका मतदाताले 'आजसम्म भोट हालेर के भयो ?' भन्ने प्रश्न उठाउन थालेका छन्। धेरै पटक मतदान गरिसकेका मतदाताहरू उम्मेदवारका वाचाप्रति भुक्तभोगी भइसकेको बताउँछन् ।

पहिलो पटक मतदान गर्न लागेका युवामा पनि उत्साह देखिँदैन । उनीहरू भन्छन्, 'जो सत्तामा पुग्छन्, उनीहरूले काम गर्दैनन् । जसमा काम गर्ने जोस हुन्छ, उनीहरू सत्तामा पुग्दैनन् ।' नेपालकै ठूलो नगरपालिका मानिने शितगङ्गा नगरपालिकाका धेरै भू-भाग अझै दुर्गम छन्। धुलाम्मे र हिलाम्मे बाटो हुँदै मतदान केन्द्रसम्म पुग्नुपर्ने बाध्यता वर्षौंदेखि उस्तै छ । शितगंगा-करेचुलीका ७४ वर्षीय देविराम न्यौपानेको घरसम्म अहिले पनि राम्रो सडक पुगेको छैन । खानेपानी र सिँचाइको समस्या जस्ताको तस्तै रहेको उनी बताउँछन् । चुनावी चहलपहलले आफूलाई छोएन भन्दै उनले उम्मेदवारका आश्वासनमा विश्वास नलाग्ने बताए । यसैगरी, शितगंगाको पाबरा-बौरी-विक्रमगञ्ज-गौडा-करेचुली सडक कालोपत्रे गर्ने आश्वासन तीन दशकदेखि दिइए पनि अझै पूरा नभएको स्थानीय नेत्रबहादुर सोमरेले बताए ।

रोजगारी दिने आश्वासनले दिक्क लागेको धनबहादुर रास्कोटीको गुनासो छ । उनका छोरा नेपालगञ्जमा होटल मजदुरी गर्दै आएका छन् । 'अर्घाखाँचीका धेरै गाउँमा अहिले युवा पुरुष निकै कम छन्, अधिकांश भारत र अन्य देश गएका छन्,' उनले भने, 'यस्तो अवस्थामा उम्मेदवारले रोजगारी दिन्छौं भन्दा कसरी पत्याउने ?' जिल्लामा शुद्ध खानेपानी, सहज स्वास्थ्य सेवा, राम्रो सडक र रोजगारीको अभाव अझै गम्भीर समस्याका रूपमा रहेको छ । जिल्ला निर्वाचन कार्यालयका प्रमुख बुद्धप्रकाश पौडेलका अनुसार अर्घाखाँचीमा कुल १ लाख ७१ हजार ६ सय ५२ मतदाता रहेका छन् । तीमध्ये ८७ हजार १ सय ५७ पुरुष र ८४ हजार ४ सय ९५ महिला छन् । एक मात्र निर्वाचन क्षेत्र रहेको अर्घाखाँचीमा १ सय २ मतदान स्थल र २ सय ९ मतदान केन्द्र तोकिएका छन्। प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीका अनुसार अप्ठ्यारो भूगोल भएका स्थानको स्थलगत अवलोकनपछि अघिल्ला निर्वाचनभन्दा ५ वटा मतदान स्थल र ७ वटा मतदान केन्द्र थप गरिएको छ ।

उम्मेदवारी दर्ताअनुसार नेपाली कांग्रेसबाट लुम्बिनी प्रदेशका सहमहामन्त्री विष्णु प्रसाद खनाल 'मुस्कान', नेकपा एमालेबाट पार्टी अध्यक्ष पिताम्बर भुसाल, नेकपाबाट केन्द्रीय सदस्य रामबहादुर चौहान, राष्ट्रिय स्वतन्त्र पार्टीबाट जिल्ला सभापति हरिप्रसाद भुसाल, राष्ट्रिय जनमोर्चाबाट पशुपति ढकाल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट झविन्द्र फुल्लेल, नेकपा माओवादी विप्लवबाट खेमबहादुर घर्ती तथा स्वतन्त्रतर्फ रवि शाह, हिमाल भुसाल र पम्फा श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन् ।

पहाडी जिल्ला अर्घाखाँचीमा कांग्रेस, एमाले, रास्वपा र नेकपाबीच मुख्य प्रतिस्पर्धा हुने स्थानीयको आकलन छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०४/०७ मा दर्ता भएको **प्रा. लि. नं. ४०४९७** को श्री **मण्डला एक्सपोर्ट एण्ड कार्गो प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**Madhuwan Municipality**
**Office of Municipal Executive**
**Bardiya**
**Lumbini Province, Nepal**

**Invitation for Bids**

**First Date of publication: 2082/10/07**

1. Madhuwan Municipality Bardiya invites Competitive Bidding from the eligible bidders for the following works.
2. Bidding documents may be purchased upon payment of a non-refundable fee as specified as each item in the following table.
3. Bidder must submit their bid electronically through ppmo's website www.bolpatra.gov.np/egp before or last day 12:00 Noon as mentioned in the table below. Bid Documents after this deadline shall not be accepted.
4. Bids shall be opened in the presence of Bidders' representatives chosen by Bidders on last day for bid submission at 2:00 pm in the office of Madhuwan Municipality, Bardiya.
5. Bids must be valid for a period as specified and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for 30 days beyond the bid validity period.
6. If bidder wishes to submit the Bid Security and bid document cost in the form of cash, the cash should be deposited in the following Account No.
   Bank Name: Nepal Bank Limited Sanoshree Branch Bardiya
   Account Holders name : Madhuwan Municipality Bardiya
   Account No: 15103000001001000001 (Rajaswa) for Bid document Cost
   Account No: 15103000003000000001 (Dharauti) for Bid Security.
7. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

1. Table

| S. N. | Contract Identification No. | Name of Project | Estimated Amount with Vat & PS (Nrs) | Bid Document Cost (Nrs) | Bid Security Amount(Nrs) | Bid Validity period | Last date for bid submission |
|---|---|---|---|---|---|---|---|
| 1 | MG/W/NCB/ MNPO-31/2082-83 | Gravel road construction works in Madhuwan 01. | 2566644.51 | 3000 | 65,000 | 90days after bid opening | 8th of Falgun 2082 12:00 Noon. |
| 2 | MG/W/NCB/ MNPO-32/2082-83 | Gravel road construction works in Madhuwan 02 & 03. | 2044495.12 | 3000 | 50,000 | 90days after bid opening | 8th of Falgun 2082 12:00 Noon. |
| 3 | MG/W/NCB/ MNPO-33/2082-83 | Gravel road construction works in Madhuwan 04 & 05. | 3327933.71 | 3000 | 80,000 | 90days after bid opening | 8th of Falgun 2082 12:00 Noon. |
| 4 | MG/W/NCB/ MNPO-34/2082-83 | Gravel road construction works in Madhuwan 07. | 2395737.95 | 3000 | 60,000 | 90days after bid opening | 8th of Falgun 2082 12:00 Noon. |
| 5 | MG/W/NCB/ MNPO-35/2082-83 | Gravel road construction works in Madhuwan 06, 08 &09. | 3295021.21 | 1000 | 80,000 | 90days after bid opening | 8th of Falgun 2082 12:00 Noon. |

**Chief Administrative Officer**



**Gandaki Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bhulmichok, Gorkha**
**Gandaki Province, Nepal**

**Invitation for E-Quotation**

**Date of publication: 2026-01-21 (2082-10-07)**

1. Gandaki Rural Municipality has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without Contingency & VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents/bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| GRM/WORKS/ SQ/13/2082/83 | Construction of Gyanmarga School | Sealed Quotation | 12,19,973.98/- | 1000/- | 35,000/- | 45 days/ 75 days after bid opening | 2026-02-05 (2082/10/22) 12:00 | 2026-02-05 (2082/10/22) 13:00 |

Gandaki Rural Municipality, Office of Rural Municipal Executive Invites Electronic Sealed Quotation from eligible bidders for the following projects under Sealed Quotation Procedures.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gandaki Rural Municipality, Office of Rural Municipal Executive, Bhulmichok Gorkha, Gandaki Province, Nepal, 9841378428. or may visit our official website www.gandakimun.gov.np.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
७ माघ २०८२ बुधबार
21 January 2026 Wednesday

सम्पादकीय

# चुनावले जगाएको भरोसा

२१ फागुनमा हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मंगलबार मनोनयन दर्तासँगै देशभर राजनीतिक चहलपहल बढेको छ । लामो समयदेखि चुनाव होला कि नहोला भन्ने अन्योलबीच उम्मेदवारी दर्ताको रौनकले नयाँ आशा, उत्साह र विश्वासको सञ्चार गरेको छ । सडक, चोक, सामाजिक सञ्जाल र आमजनजीवनमा देखिएको राजनीतिक सरगर्मी बढेको छ । यसले मुलुक चुनावी प्रक्रियामार्फत सामान्य अवस्थामा फर्किंदै छ भन्ने सन्देश पनि दिएको छ । जेनजी आन्दोलनपछि मुलुक राजनीतिक र संवैधानिक संकटमा पर्‍यो । त्यतिबेला संविधानको ट्र्याकबाहिर खोजिएको निकास आमचुनावसम्मका लागि मात्र हो । त्यसैले संविधानलाई ट्र्याकमा फर्काउन पनि तोकिएकै मितिमा चुनाव गर्नु अनिवार्य थियो । सरकार, निर्वाचन आयोग र दलहरूको पहलले मुलुक त्यो दिशामा अघि बढेको देखिन्छ ।

पक्कै पनि चुनाव लोकतन्त्रको ठुलो उत्सव हो । यो नागरिकले आफ्नो मतमार्फत राज्यसत्तालाई दिशा दिने सबैभन्दा सभ्य र शक्तिशाली प्रक्रिया पनि हो । केही समयदेखि मुलुकमा राजनीतिक अस्थिरता, राज्य–शक्ति र नागरिकबीचको अविश्वास, तथा विभिन्न आशंका रहँदै आएका छन् । तिनै कारण चुनावप्रति पनि शंका र अनिश्चितता फैलिएको थियो । तर मनोनयन प्रक्रियाले त्यो अन्योल धेरै हदसम्म चिरेको छ । चुनाव लोकतन्त्रको औपचारिक अभ्यास मात्र होइन, संकटबाट निकास खोज्ने सबैभन्दा सभ्य र विश्वसनीय माध्यम पनि भएकाले यसले नयाँ आशाको सञ्चार गराएको छ ।

अबको चुनौती चुनाव गराउनु मात्र होइन, त्यसलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित बनाउनु हो । राज्यका सबै संयन्त्र, सुरक्षा निकाय, निर्वाचन आयोग र राजनीतिक दलको ध्यान यसैमा केन्द्रित हुनुपर्छ । विगतका कमजोरी दोहोरिन नदिने, सत्ता र शक्तिको दुरूपयोग रोक्ने, मतदातालाई डर वा प्रलोभनबाट मुक्त राख्ने वातावरण बनाउनु आजको अपरिहार्य आवश्यकता हो । चुनाव जित्ने, हार्ने प्रतिस्पर्धा भए पनि लोकतन्त्र हार्ने अवस्था आउन दिनुहुँदैन । यसमा राजनीतिक दलमाथि अझ ठुलो जिम्मेवारी छ । नेताहरूले उत्तेजक भाषा, आरोप–प्रत्यारोप र घृणा त्यागेर स्वस्थ प्रतिस्पर्धाको अभ्यास गर्नुपर्छ । जनताको मतलाई सम्मान गर्ने, असहमतिलाई लोकतान्त्रिक ढंगले स्वीकार गर्ने र परिणामलाई शान्तिपूर्ण रूपमा अंगीकार गर्ने संस्कार नै लोकतन्त्रको सौन्दर्य हो । चुनाव जनतालाई डर देखाउने होइन, भरोसा जगाउने प्रक्रिया बन्नुपर्छ ।

मनोनयनको रौनकले देखाएको उत्साहलाई विश्वासमा रूपान्तरण गर्न अब सबै पक्ष इमानदार बन्नुपर्छ । २१ फागुनको आमचुनाव केवल नयाँ प्रतिनिधि छान्ने प्रक्रिया मात्र नभई, देशले संकटपछि रोजेको लोकतान्त्रिक बाटोको परीक्षा पनि हो । शान्तिपूर्ण, निष्पक्ष र भयरहित चुनाव सम्पन्न हुनु नै स्थायित्व, विश्वास र भविष्यतर्फको सबैभन्दा बलियो कदम हुनेछ ।

# भूकम्पको जोखिम र साझा संकल्प

*भूकम्प एक प्राकृतिक प्रक्रिया हो, जसलाई रोक्न सकिँदैन । तर यसबाट हुने क्षतिलाई निश्चित रूपमा न्यूनीकरण गर्न सकिन्छ । जबसम्म राज्यले बनाउने नीति र नागरिकले अपनाउने व्यवहारबीच तादात्म्यता कायम हुँदैन, तबसम्म हामी पूर्ण रूपमा सुरक्षित हुन सक्दैनौं ।*

अग्रलेख



● विश्वनाथ खरेल


हाम्रो देश हिमालयको काखमा बसेको भूकम्पीय उच्च जोखिम क्षेत्रभित्र पर्ने मुलुक हो । पृथ्वीको भूगर्भमा रहेको भारतीय प्लेट र युरेसियन प्लेटको निरन्तर टकरावका कारण यहाँका हिमाल, पहाड र तराई क्षेत्रमा बारम्बार कम्पन उत्पन्न हुने गर्छ । इतिहासलाई नियाल्दा वि.सं. १९९० साल माघ २ गतेको ८.० म्याग्निच्युडको महाभूकम्प, २०४५ सालको भूकम्प, २०७२ को ७.८ म्याग्निच्युडको गोरखा भूकम्प तथा हालैका वर्षहरूमा घटेको जाजरकोट भूकम्पजस्ता घटनाहरूले नेपाललाई पटक-पटक ठूलो परीक्षामा राखेका छन् । यी विपत्तिहरूले हजारौंको ज्यान लिएका छन्, लाखौं घरहरू ध्वस्त पारेका छन् र देशको अर्थतन्त्रलाई गम्भीर धक्का दिएका छन् । तर यही पीडा र क्षतिले हामीलाई एउटा महत्वपूर्ण सत्य पाठ पनि सिकाएको छ- भूकम्पबाट पूर्ण रूपमा बच्न सम्भव नभए पनि त्यसको प्रभावलाई न्यूनीकरण गर्न र छिटो पुनरुत्थान गर्न सकिन्छ । यही नै भूकम्प उत्थानशील नेपालको आधारभूत संकल्प हो ।

भूकम्प उत्थानशीलता भनेको कुनै घटना आएपछि मात्र प्रतिक्रिया जनाउने प्रक्रिया होइन, बरु पूर्वतयारी, जोखिम न्यूनीकरण, दिगो संरचना निर्माण तथा सामाजिक-सांस्कृतिक तहमा सकारात्मक परिवर्तन ल्याउने दीर्घकालीन प्रक्रिया हो । नेपालको सन्दर्भमा उत्थानशीलता केवल सरकारी नीति वा प्राविधिक पूर्वाधारमा सीमित नरही, हाम्रो साझा संकल्प र सामूहिक जिम्मेवारीको विषय बन्नुपर्छ ।

नेपालको इतिहासमा भूकम्प एउटा दुःखद् श्रृंखलाका रूपमा रहँदै आएको छ । सबैभन्दा ठूलो भूकम्प १९९० सालमा आएको थियो, जसले काठमाडौं उपत्यकाको स्वरूप नै परिवर्तन गरिदियो । त्यसपछि २०७२ को गोरखा भूकम्पले करिब ९ हजार मानिसहरूको ज्यान लियो र खबौं रुपैयाँ बराबरको सम्पत्ति क्षति गर्‍यो । त्यस्तै, २०८० को जाजरकोट भूकम्पले सुदूरपश्चिम र कर्णाली प्रदेशका कच्ची घरहरूको जोखिमलाई पुनः उजागर गरिदियो । यी सबै घटनाहरूले के स्पष्ट देखाउँछन् भने हामीले विपद् आएपछि मात्र प्रतिक्रिया जनाउने प्रवृत्ति त्यागेर विपद् आउनुअघि नै तयारी गर्ने संस्कृतिको विकास गर्न जरुरी छ ।

नेपाल विश्वका ११ औं उच्च भूकम्पीय जोखिम भएका मुलुकहरूमध्ये एक हो । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार काठमाडौं उपत्यकामा मात्र १० लाखभन्दा बढी संरचनाहरू जोखिममा छन् । एकपछि अर्को गरी देखिएका भूकम्पका घटनाले अवस्था कति भयावह हुन सक्छ भन्ने कुरा प्रस्ट पारेको छ ।

तर यी भूकम्पहरुले केही सकारात्मक पाठ पनि दिएको छ । स्थानीय समुदायहरूले पहिलो प्रतिक्रिया जनाए, छिमेकीले छिमेकीलाई उद्धार गरे, युवाहरूले राहत संकलनमा सक्रिय भूमिका खेले र ग्रामीण क्षेत्रमा सामुदायिक एकताले उल्लेखनीय योगदान पुर्‍यायो । अन्तर्राष्ट्रिय सहयोगको साथमा नेपाल सरकारले राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन गरी करिब पाँच वर्षभित्र ठूलो मात्रामा पुनर्निर्माण सम्पन्न गर्‍यो । यस अनुभवले संकटको घडीमा सामूहिक प्रयासले ठूलो परिवर्तन सम्भव हुन्छ भन्ने कुरा प्रमाणित गर्‍यो ।



भूकम्प उत्थानशील नेपाल निर्माण गर्न संरचनागत, सामाजिक, संस्थागत, नीतिगत तथा आर्थिक पक्षमा एकसाथ ध्यान दिन आवश्यक छ । संरचनागत उत्थानशीलताका लागि राष्ट्रिय भवन निर्माण मापदण्ड २०७२ को पूर्ण कार्यान्वयन अपरिहार्य छ । अहिले पनि ग्रामीण क्षेत्रमा ५० प्रतिशतभन्दा बढी घरहरूले न्यूनतम मापदण्ड पालना गरेका छैनन् । यस अवस्थामा इन्जिनियर, आर्किटेक्ट र ठेकेदारहरूले इमानदारीपूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्छ । सीएसईबीजस्ता स्थानीय, वातावरणमैत्री र भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग बढाउनु आवश्यक छ । महिला मेसन तालिमजस्ता कार्यक्रमहरूले महिलालाई निर्माण क्षेत्रमा सहभागी गराउँदै उत्थानशीलता र आर्थिक सशक्तीकरण दुवै हासिल गर्न सहयोग पुर्‍याउँछन् ।

सामाजिक उत्थानशीलताको दृष्टिले हेर्दा विपद्मा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित तथा सीमान्तकृत समुदाय सबैभन्दा बढी प्रभावित हुन्छन् । त्यसैले उनीहरूको आवाज सुन्ने र निर्णय प्रक्रियामा समावेश गर्ने संयन्त्र विकास गर्नुपर्छ । सामुदायिक तहमा विपद् व्यवस्थापन समिति गठन गरी नियमित अभ्यास सञ्चालन गर्नु आवश्यक छ । २०७२ पछाडि देखिएको सामुदायिक एकता र सामाजिक पुँजीलाई संस्थागत गर्नु आजको आवश्यकता हो ।

संस्थागत तथा नीतिगत उत्थानशीलताका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अझ प्रभावकारी बनाउनुपर्छ । प्रदेश र स्थानीय तहलाई पर्याप्त अधिकार र स्रोतसाधन प्रदान गर्नुपर्छ । हाल नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नाष्ट)ले करिब २० सेकेन्ड अगाडि सूचना दिने भूकम्प पूर्वसूचना प्रणालीमा काम गरिरहेको छ, जसलाई राष्ट्रव्यापी रूपमा विस्तार गर्नु अत्यन्त आवश्यक छ ।

आर्थिक उत्थानशीलताको सन्दर्भमा विपद्पछि तुरुन्तै आर्थिक गतिविधि सुचारु गर्न सक्ने गरी कृषि, पर्यटन तथा साना तथा मझौला उद्योगलाई विपद्-संवेदनशील बनाउनुपर्छ । घर तथा कृषि बीमाजस्ता बीमा प्रणालीको विस्तारले पुनर्निर्माण र पुनःस्थापनामा ठूलो सहयोग पुर्‍याउन सक्छ ।

अब प्रश्न उठ्छ- हाम्रो साझा संकल्पको अर्थ के हो ? साझा संकल्प भन्नाले भूकम्प प्रतिरोधी नेपाल निर्माणलाई राष्ट्रिय लक्ष्यका रूपमा आत्मसात् गर्दै त्यसप्रति दृढ अठोट व्यक्त गर्नु हो । यसका लागि हरेक नागरिकले सुरक्षित आवासको अधिकारलाई मौलिक हकका रूपमा स्वीकार गर्नुपर्छ । भवन निर्माण आचारसंहिता उल्लंघन गर्ने विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्छ । साथै, विपद्को समयमा 'म' र 'मेरो' भन्दा माथि उठेर 'हामी' र 'हाम्रो समाज' भन्ने भावना जागृत गरिराख्न स्वयंसेवाको संस्कृतिलाई प्रोत्साहन गर्नुपर्छ । अन्त्यमा भन्नुपर्दा, भूकम्प एक प्राकृतिक प्रक्रिया हो, जसलाई रोक्न सकिँदैन । तर यसबाट हुने क्षतिलाई निश्चित रूपमा न्यूनीकरण गर्न सकिन्छ । जबसम्म राज्यले बनाउने नीति र नागरिकले अपनाउने व्यवहारबीच तादात्म्यता कायम हुँदैन, तबसम्म हामी पूर्ण रूपमा सुरक्षित हुन सक्दैनौं । त्यसैले भूकम्प प्रतिरोधी समाज निर्माणलाई केवल नारामा सीमित नराखी, यसलाई साझा संकल्पका रूपमा आत्मसात् गर्दै प्रत्येक नागरिकले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ । वास्तवमा आजको सानो सावधानीले भोलिको ठूलो विपत्तिबाट हजारौंको ज्यान जोगाउन सक्छ ।

## इतिहासमा आज

२१ जनवरी १९९९ मा अमेरिकी इतिहासको सबैभन्दा ठुलो लागूपदार्थ बरामद भएको थियो । संयुक्त राज्य अमेरिकाको तटरक्षक दलले ४ हजार ३०० किलोग्रामभन्दा बढी कोकेन बोकेको जहाजलाई समातेको थियो ।



२१ जनवरी २००३ मा मेक्सिकन राज्य कोलिमामा ७.६ म्याग्निच्युडको भूकम्प जाँदा २९ जनाको मृत्यु र लगभग १० हजार मानिसहरू घरबारविहीन भएका थिए ।




२१ जनवरी २०११ मा अल्बानियाको तिरानामा सरकार विरोधी प्रदर्शनहरू भएका थिए । प्रधानमन्त्रीको कार्यालयको सुरक्षामा खटिएका सशस्त्र प्रहरीले चलाएको गोली लागेर चार जनाको मृत्यु भएको थियो ।



२१ जनवरी २०१४ मा जजिरा क्यान्टनले सिरियाली अरब गणतन्त्रबाट आफ्नो स्वायत्तता घोषणा गरेको थियो ।



## सामाजिक सञ्जाल



रञ्जित तामाङ

रुखको तेर्सो हाँगामा टुप्पातिर बसेर फेद काट्ने मूर्खलाई सम्झाउनुभन्दा 'वाह ! क्या गज्जब काम गर्दै छौं' भनेर उल्काउनु बेस ! सोही ठिक एमालेलाई गुनासो नगरौं, 'आहा ! खत्तम मान्छेहरूलाई टिकट नदिएर गज्जब गर्‍यौं, दुई तिहाइ आउँछ' भनेर मक्ख पारौं । भष्मासूरलाई उसकै बाटोमा हिँड्न दिऔं ।



डम्बर खतिवडा

कोही प्रधानमन्त्री नभए आत्मदाह गर्ने घोषणा गर्न पछि नपर्ने कथित बौद्धिक र पिएचडीधारी धेरै भएरै ज्ञान, विज्ञान र विवेकप्रति जनतामा घृणा बढेको हो । कथित लहर अगाडि स्वाभिमानको आत्मसमर्पण व्यक्तिको हैन, समयको टीठलाग्दो क्षण हो । यस्तो बेला इतिहाससँग विमति राख्न मात्रै सकिन्छ ।



अनिल गिरी

भ्रष्टाचारको स्रोत नै चुनाव हो ! अब भोलिदेखि फागुन ११ सम्म हरेक उम्मेदवारले दिनको लाखौं खर्च गर्नुपर्ने हुन्छ- प्रचार प्रसारमा ! मनोनयन र चुनावको दिनको बिचको ग्याप कम गर्नु पर्‍यो अनि बल्ल चुनाव कम खर्चिलो हुने छ हैन भने यस्तो लामो ग्याप राख्ने हो भने जिते पछि ध्याउन्न नै कसरी ऋण तिर्ने हुनेछ सांसदको !



रमेश कँडेल

कांग्रेसले एकदमै राम्रो हिसाबले चुनाव उपयोग गर्छ जस्तो लाग्यो । सबैभन्दा ठुलो दल पनि बन्ने भयो । टिकट वितरणमा केही त सिक एमाले हो कांग्रेसबाट । फुटेका पनि कांग्रेसबाटै लड्ने वातावरण तयार गर्दै छन् गगनले । मिलाएर जान सके अबको नेता - गगन ।

# भू-राजनीतिक यथार्थवाद र मादुरो

विचार



● एस. प्रसन्नराजन

*तर वास्तविकता त्यति भव्य छैन । यो त्यत्तिकै विचित्र छ, जति ट्रम्पको नक्कल गर्न खोज्ने मादुरोको 'नार्को-आतंकवादी'का रूपमा अन्त्य, जहाँ साम्राज्यवादका 'फरिश्ताहरू'ले रातको अँध्यारोमा छापा मारेर उनलाई घरबाट उठाए । सायद यही हो, २१औँ शताब्दीको भू-राजनीतिक जादुई यथार्थवाद ।*

चिसो लन्डन, जहाँ मुख्यधाराका कन्जरभेटिभ र लेबर पार्टीहरू स्थिर देखिन्छन्, तर त्यहीँ दक्षिणपन्थी र वामपन्थी अतिवादी धाराहरू निरन्तर उफ्रँदैछन् । निकोलस मादुरो साँच्चै नै ती विलापका पात्र हुन् त भन्ने प्रश्न उठाउन उपयुक्त ठाउँ हो यो । ती विलाप प्रायः नायकविहीन बनेका वामपन्थीहरूतर्फबाट आइरहेका छन् । यसको कारण केवल यति मात्र होइन कि ट्रम्पवादविरुद्ध लेखिएका लेखहरूमा सोभियत कम्युनिस्ट पार्टीको मुखपत्रको छाया स्पष्ट देखिन्छ ।

बेलायतका प्रधानमन्त्री सर कियर स्टार्मर घरेलु राजनीतिमा त कट्टर समाजवादी देखिन्छन्- धनी वर्गमाथि कडा नीति लागू गर्न उनी हिच्किचाउँदैनन्, चाहे त्यसको परिणामस्वरूप धनीहरू आप्रवासी डुङ्गाजत्तिकै छिटो देश छोडून् । तर अन्तर्राष्ट्रिय मञ्चमा भने उनी आफूलाई निर्दोष नैतिकतावादीका रूपमा प्रस्तुत गर्छन् ।

युक्रेन भाग्यमानी छ कि उसलाई सर कियरजस्ता संरक्षक र उस्तै चिन्तित तथा अन्तरराष्ट्रवादी फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोंको साथ प्राप्त छ । तर वामपन्थी विचारधाराका कट्टर अनुयायीहरूभन्दा फरक, सर कियरले मादुरोप्रति प्रतिक्रिया जनाउँदा निकै सावधानी अपनाए । धेरैको मतमा मादुरोलाई सद्दाम हुसेनले भोगेजस्तो अपमानजनक अन्त्य भोग्नुपरेन- न पायजामामै उठाइए, न त हातकडी लगाएर 'माकुरोको गुफा'बाट निकालिए । सद्दामको त्यो तस्बिर, जहाँ दाह्री र बिग्रिएका कपाल भएका मानिसको खुला मुखभित्र झाँकिरहेका थिए, जसले आफूलाई सबैभन्दा लामो शासन गर्ने ठान्थे- त्यसको तुलनामा मादुरोको यात्रा कम अपमानजनक रह्यो ।

स्टार्मरले मादुरोका लागि सार्वजनिक आँसु बगाएनन्, जस्तो उनले केही समयअघि यहूदीहरूलाई मार्ने र डाउनिङ स्ट्रिट जलाउने कुरा गर्ने अला अब्देल-फतहका लागि गरेका थिए । तर मादुरोको मामलामा स्टार्मर केवल अमेरिकाको साथमा उभिए र गिरफ्तारीबारे खास टिप्पणी गरेनन् ।

यसको विपरीत, बेलायतकी विपक्षी कन्जरभेटिभ नेतृ केमी बेडेनोचले ट्रम्पको कदमलाई नैतिक रूपमा सही ठहर गर्दै आफ्नो दक्षिणपन्थी पहिचान प्रस्ट पारिन् । यद्यपि सबै कन्जरभेटिभहरू ट्रम्पको प्रशंसामा उस्तै उत्साहित थिए भन्ने होइन । नव-रूढिवादीहरूका लागि सत्ता परिवर्तन एउटा विचारधारात्मक परियोजना थियो । तर 'मागा' धारका कन्जरभेटिभहरूका लागि यो एक छिटो साहसिक अभियान मात्र हो- यद्यपि ट्रम्प आफूले १९औं शताब्दीका राष्ट्रपति जेम्स मोन्रोको सिद्धान्तलाई अद्यावधिक गरिरहेको दाबी गर्छन्, जसको उद्देश्य ल्याटिन अमेरिकालाई युरोपेली उपनिवेशवादबाट जोगाउनु थियो ।

आजको नयाँ उपनिवेशवाद भने बेइजिङबाट निर्देशित भइरहेको छ । यसले एउटा असजिलो प्रश्न पुनः उठाउँछ, जसले कट्टर साम्राज्यवाद-विरोधीहरूलाई झस्काउनेछ- के साम्राज्यवाद नैतिक हुन सक्छ ? नायल फर्ग्यूसनजस्ता प्रतिष्ठित 'शाही' इतिहासकारहरूले तर्क गर्छन् कि ब्रिटिश साम्राज्यवादले उपनिवेशहरूलाई आधुनिक बनायो, जबकि अमेरिकाले आफ्ना शाही जिम्मेवारीहरू लापरबाहीपूर्वक त्याग्यो । उनी विस्तारवादको होइन, लागू गरिएका आदर्शहरूको कुरा गर्दै थिए ।

